# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन १८ गते

## नागरिकको स्वास्थ्यसम्बन्धी हकको रक्षा गर

विगत केही दिनदेखि संक्रामक रोग 'स्वाइन फ्लु' को प्रकोप बढिरहेको र यसबाट राजधानीमा एकजना महिलाको मृत्यु भएको समाचार आमसञ्चार माध्यममा आएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

'स्वाइन फ्लु' बाट हुनसक्ने थप संक्रमण र त्यसबाट उत्पन्न हुने खतराबाट नागरिकलाई जोगाउनका लागि समयमै सचेतना, सावधानी र प्रतिरोधात्मक उपायहरू अपनाउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, संविधानप्रदत्त नागरिकको स्वास्थ्यसम्बन्धी अधिकार रक्षाका लागि सचेत र सक्रिय रहन आयोग सबै सरोकारवालाहरूको ध्यानाकर्षण गराउँछ ।

'स्वाइन फ्लु' को प्रकोप नियन्त्रणका लागि सरकारले भारतीय नाकाहरूमा 'हेल्थ डेक्स' स्थापना गरेको भनी सूचना सम्प्रेषण गरेको पाइँदा ती स्थापित भएको भए तिनको प्रभावकारिताबारे अनुगमन गरी तुरुन्त प्रतिवेदन पेश गर्न आयोगले धनगढी, नेपालगञ्ज, बुटवल, जनकपुर र विराटनगरस्थित आफ्ना कार्यालयहरूलाई  निर्देशन दिएको छ ।

आयोगले गम्भीर रूपमा ग्रहण गरेको नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारका बारेमा प्रतिवेदन प्राप्त हुने बित्तिकै उपयुक्त निर्णय लिनेछ ।

.....................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org